नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १९९ २०८१ साल फागुन २४ गते शनिबार (8 Mar. 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अवैध प्रयोग बढेपछि 'वाकिटकी' ... ३ पृष्ठमा : चैते धानको न्यूनतम समर्थन ... ३ पृष्ठमा : इक्वेडरमा गोली हानाहान ...

## नागरिकतामा कीर्ते गरि ठगि धन्दा चलाएका दुई पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन ।**

नागरिकतामा कीर्ते गरि ठगि धन्दा चलाएको आरोपमा सप्तरी प्रहरीले दुई जनालाई पक्राउ गरि सार्वजनिक छ। नागरिकतामा कीर्ते गरि खाताधारीलाई थाहै नदिई बैंकमा खाता संचालन गरेर लाखौं रकम ठगि गर्ने धन्दामा संलग्न दुई जनालाई प्रहरीले शुक्रबार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा राजविराज नगरपालिका १२ घर भई हाल वडा नं. ५ मा बसोवास गर्दै आएका २० वर्षिय अरुण कुमार यादव र २८ वर्षिय अभिशेक यादव छन् ।

प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाका अनुसार उनीहरुले २०८० असारमा राजविराज नगरपालिका वडा नं. १२ का बिजय कुमार यादवको चोरी भएको नागरिकतामा आफ्नो फोटो टाँस गरि किर्ते गरि बिराटनगरस्थित सिटिजन बैंकमा खाता खोलेका थिए । सोही खातामार्फत उनीहरुले ठगि धन्दा चलाउँदै विभिन्न व्यक्तिबाट लाखौं रकम ठगि गरेको पाइएपछी अदालतबाट पक्राउ अनुमति लिई नियन्त्रणमा लिइएको उनले बताए ।

दुबै जनालाई शुक्रबार नै नागरिकता सम्बन्धी कसुर र ठगिमा सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थपेर आवश्यक अनुसन्धान थालिएको प्रहरी उपरिक्षक खतिवडाको भनाई छ ।

***बाँकी अन्तिम पृष्ठमा***

## मलेठ घटनाका शहिदहरुको स्मरणमा नगरपालिकामा बिदा

**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन ।**

मलेठ घटनामा शहिद भएकाहरुको योगदानलाई स्मरण गर्दै शुक्रबार राजविराज नगरपालिकाले एक दिन दिएको छ ।

कार्यवाहक नगरप्रमुख इसरत परविनले एक शोक स्मरण विज्ञप्ति जारि गर्दै २०७३ साल फागुन २३ गते राजविराज नगरपालिका वडा नं. ९ मलेठमा भएको घटनामा सन्जन मेहता, आनन्द साह, पिताम्बर मण्डल, बिरेन्द्र महतो र इनर यादव सहिद भएका थिए ।

सोही दिनको सम्झनामा नगरकार्यपालिकाको कार्यालयका अतिआवश्यक सेवाहरु बाहेक सम्पूर्ण वडा कार्यालयहरु बन्द रहने विज्ञप्तिमा उल्लेख छ ।

बि..स. २०७३ फागुन २३ मा स्थानीय प्रशासन र सुरक्षा निकायको सुझाव विपरित औद्योगिक क्षेत्रमा सभा गर्ने नेकपा एमालेको निर्णय र त्यसलाई जसरी पनि सफल हुन नदिने अडान लिएको तत्कालिन मधेशी मोर्चाको प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर पाँच जनाको मृत्यु भएको थियो ।

## सुतिरहेका तीन जनाको मृत्यु

काठमाडौं, २३ फागुन (रासस) ।

काठमाडौंको साँखुमा आज बिहान भएको सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ ।

बिहान करिब ३:४० सो बजेको समयमा काठमाडौंको शङ्खरापुर नगरपालिका-६ साँखु सलम्बुटारस्थित साँखु-ब्रह्मखेल सडकखण्डमा बा२क ६५८० नम्बरको टिपर अनियन्त्रित भई युवराज थापाले सञ्चालन गरेको द्वन्द्वपीडित तथा अपाङ्ग समाज संस्थाले बनाएको जस्ताको टहरामा ठक्कर दिन पुगेको थियो ।

सो टहरोमा ६१ जना बस्दै आएका छन् । टिपरले ठक्कर दिएको कोठामा १० जना सुतिरहेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक अपीलराज बोहराले जानकारी दिनुभयो । सुतिरहेको अवस्थामा टिपरको ठक्करबाट ठेगाना नखुलेका २१ वर्षीय आकाश, २१ वर्षीय सुमन र ४५ वर्षीय हरिजन घाइते भएका थिए । उनीहरूको नेपाल मेडिकल कलेज अत्तरखेलमा उपचारका क्रममा मृत्यु भएको उहाँले बताउनुभयो ।

टिपर चालक सिन्धुपाल्चोकको मेलम्चीका २५ वर्षीय सागर माझीलाई प्रहरी वृत्त बौद्धले नियन्त्रणमा लिएको छ ।

## प्रहरीद्वारा गोदामबाट बरामद गाजा र पक्राउ परेका चौकीदार सार्वजनिक




**दैनिक समाचारदाता**
**राजविराज, २३ फागुन ।**

राजविराजस्थित एक गोदामबाट ठूलो परिमाणमा बरामद प्रतिबन्धित लागु औषध गाजा र पक्राउ परेका चौकीदारलाई शुक्रबार प्रहरीले सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीमा पत्रकार सम्मेलनको आयोजना गरि गाजा र चौकीदारलाई सार्वजनिक गरिएको हो ।

पक्राउ परेका चौकीदार ६६ वर्षिय रामनारायण यादव भारत बिहार राज्यको मधुवनी जिल्लाको कुलदौरा ग्रामपंचायत वडा नं. १० छातापुर टोलका बासिन्दा हुन् ।

प्रहरीले उक्त गोदामबाट ८० वडा प्लास्टिकको प्याकेटभित्र राखिएको २ हजार ४ सय ५१ किलो गाजा, कपडा, सेनिटरी प्याड, चिनी, सूर्ती, हार्डवेयर लगायतका सरसामान बरामद गरेको थियो ।

यस्तै गोदाम बाहिर एक ट्रकबाट अर्को ट्रकमा लोड भइरहेको ४२ लाख मुल्य बराबरको १ सय ४२ कार्टुन स्याउ समेत नियन्त्रणमा लिई दुबै ट्रक र चालकसहित राजविराज भन्सार कार्यालय चलान गरिएको थियो ।

गोदाम घरमा प्रतिबन्धित लागु औषध गाजा तथा अन्य अवैध मालसामान राखिएको गोप्य सूचनाको आधारमा प्रमुख जिल्ला अधिकारी भोला दाहालको नेतृत्वमा पुगेको सुरक्षानिकायका प्रमुखसहितको टोलीले छापा मारेको थियो ।

सोही पत्रकार सम्मेलनमा प्रहरी उपरिक्षक ढकेन्द्र

***बाँकी अन्तिम पृष्ठमा***

## गाडीको ठक्करबाट दिदीबहिनीको मृत्यु

गाईघाट, २३ फागुन (रासस) ।

उदयपुर सदरमुकाम गाईघाटस्थित डिएमगेट नजिकै त्रियुगा बसपार्क जाने सडकखण्डमा गाडीको ठक्करबाट सडकको छेउमा उभिएका दिदीबहिनीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सप्तरीको राजविराज स्थायी घर भई गाइघाट बजारमा बस्दै आएकी १४ वर्षीया अनुकुमारी दास र १२ वर्षीया देवीकुमारी दास रहेका जिल्ला प्रहरी

***बाँकी अन्तिम पृष्ठमा***

**अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं**

- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
- सार्वजनिक बिद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔं,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# मलेठ घटनाको प्रतिवेदन अझै सार्वजनिक भएन

मलेठ घटना भएको आठ वर्ष बितिसकेको छ । तर, अझै घटनाको प्रतिवेदन सार्वजनिक हुन सकेको छैन् । राष्ट्रिय मानव अधिकार आयोगले बुझाएको प्रतिवेदन यथार्थ नभएको भन्दै तत्कालिन प्रदेश नं. २ (हाल मधेश प्रदेश) सरकारले आफैं छानबिन गर्न २०७४ साउन ७ गते समिति गठन गरेको थियो । २०७३ साल फागुन २३ गते भएको उक्त घटनामा ५ जना मारिएका थिए । सो घटनाबारे २०७४ साल साउन ७ गते बसेको मधेश प्रदेश मन्त्रिपरिषद् बैठकले तत्कालिन आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवको संयोकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो । समितिले मलेठ घटनाका सम्बन्धमा निष्पक्ष छानबिन गरी १५ दिनभित्र मन्त्रिपरिषदमा प्रतिवेदन पेश गर्ने भनिएको थियो । तर, घटना भएको ८ वर्ष बित्दा समेत मधेश सरकारले सो प्रतिवेदन सार्वजनिक गर्न सकेको छैन ।

राष्ट्रिय मानव अधिकार आयोगले सर्वोच्च अदालतका पूर्वन्यायाधीश ताहिर अली अन्सारी संयोजक रहेको उच्च स्तरीय छानबिन समिति पनि बनेको थियो । आयोगले २०७३ चैत ३१ मा मलेठ घटनाका सम्बन्धमा अनुसन्धान गर्न समिति गठन गरी छानबिन गर्ने निर्णय गरेको थियो । उक्त समितिले २०७४ जेठ ८ देखि २०७४ जेठ १३ सम्म स्थलगत छानबिन र जेठ २९ गते सम्म काठमाडौंमा नै बसी छानबिन सम्बन्धी अन्य कार्य एवम् प्रतिवेदन तयार गरेको थियो । २०७३ फागुन २३ मा स्थानीय प्रशासन र सुरक्षा निकायको सुझाव विपरित औद्योगिक क्षेत्रमा सभा गर्ने एमाले, त्यसलाई जुन मूल्य चुकाएर भएपनि हुन नदिने वा बिथोल्न कटिबद्ध भई त्यहाँ जाइलाग्ने प्रदर्शनकारीहरुको अगुवाइ गर्ने सप्तरी जिल्लाको मधेसी मोर्चा नै मुख्य दोषी रहेको भन्ने यस समितिको निष्कर्ष रहेको छ,' २०७४ असार ३२ मा सार्वजनिक गरिएको प्रतिवेदनमा भनिएको छ । मधेशी मोर्चाले सभा हुन नदिने र एमालेले गरेरै छाड्ने अडान लिएपछि मलेठमा हिंसात्मक घटना हुन पुग्यो ।

मलेठ घटना बारे बनाइएको छानबिन समितिले प्रतिवेदन सार्वजनिक गर्न नसक्नु कुनै आश्चर्यको कुरा होइन् । यसअघि पनि नेपालमा विभिन्न घटनाको छानबिनका लागि बनाइएको विभिन्न समितिले प्रतिवेदन सार्वजनिक गर्न सकेको छैन् । मुलुकमा समिति बनाइन्छ तर, प्रतिवेदन सार्वजनिक हुदैन् । तसर्थ अगामी दिनहरुमा हुने घटनाहरुको छानबिनका लागि बनाइने त्यस्ता समितिले विगतका समिति जस्तो प्रतिवेदन सार्वजनिक गर्नेतर्फ हिम्मत देखाउनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अवैध प्रयोग बढेपछि 'वाकिटकी' को नियमन गर्दै सरकार

**कमलकुमार बस्नेत**
काठमाडौँ, २२ फागुन (रासस) ।

'वाकिटकी' जस्ता सञ्चार उपकरणहरूको प्रयोग सामान्यतया सुरक्षा, आपत्कालीन सेवा, र व्यावसायिक प्रयोजनका लागि गरिन्छ । यसको प्रयोगले 'टेलिकम्युनिकेसन'को पहुँच नभएका स्थानमा पनि सञ्चार गर्न सहयोग पुग्छ । यसको प्रयोगका लागि नेपालमा सरकारसँग अनुमति लिनुपर्छ तर पछिल्लो समय अनुमति नलिई वाकिटकीको प्रयोग गर्नेको सङ्ख्या उल्लेख्य बढेपछि सूचना तथा प्रसारण विभागले नियमनका लागि अग्रसरता देखाएको छ ।

अनुमति नलिई वाकिटकीलगायत रेडियो उपकरणहरू आयात, बिक्री-वितरण भएको पाइएपछि विभागले हालै तत्कालका लागि प्रयोग बन्द गरी लाइसेन्स लिन आग्रह गरेको छ । वाकिटकीको प्रयोग गर्दा अनुमति लिने प्रक्रिया झन्झटिलो भएकाले अधिकांशले अनुमति नलिई प्रयोग गर्ने गरेको जानकारहरू बताउँछन् ।

सूचना विभागअन्तर्गत प्रसारण शाखाका निर्देशक डा सुवोध नेपाल पनि नेपालमा वाकिटकीको प्रयोगका लागि अनुमति प्रक्रिया सहज नभएको स्वीकार्नुहुन्छ । "अनुमतिबिना वाकिटकी प्रयोग गर्न पाइँदैन । यसका लागि केही प्रक्रिया पूरा गरेपछि मात्रै अनुमति पाउने व्यवस्था छ तर प्रक्रिया भने लामो छ । जे भए पनि अनुमति त लिनुपऱ्यो नि", उहाँले भन्नुभयो । निर्देशक डा नेपालका अनुसार वाकिटकीको प्रयोग सुरक्षासँग पनि सम्बन्धित भएकाले जिल्ला प्रशासन कार्यालय वा गृहमन्त्रालयलगायतको सिफारिस आवश्यक पर्ने हुँदा अनुमति प्रक्रिया लामो भएको हो ।

**झन्झटिलो प्रक्रिया**

विसं २०७९ असोजमा वाकिटकी प्रयोगका लागि सूचना तथा प्रसारण विभागसँग अनुमति माग गरेको एक स्थानीय तहले केही समयअघि मात्रै उपकरण खरिद गर्न अनुमति पायो । स्थानीय तहको काम कारबाहीलाई चुस्त बनाउन यसको प्रयोग माग गरिए पनि झन्डै साढे दुई वर्षपछि यही फागुन १५ गते मात्रै अनुमति प्राप्त भएको हो । अब उपकरण खरिद गरेपछि विभागले प्राविधिक परीक्षण गरेपछि मात्रै त्यसको प्रयोग गर्न पाउने विभागको पत्रमा भनिएको छ ।

वाकिटकीको प्रयोग कानुनी रूपमा सहज नभएको लामो समयदेखि वाकिटकीको व्यवसाय गरिरहेका डिकेड इन्टरनेसनलका सञ्चालक विवि ढकाल बताउनुहुन्छ । उहाँका अनुसार वाकिटकी प्रयोगका लागि कानुन भए पनि प्रक्रिया झन्झटिलो छ । "विकट ठाउँहरूमा यो सञ्चारको सबैभन्दा प्रभावकारी माध्यम हो तर प्रयोगमा सहजता छैन", ढकालले भन्नुभयो, "खासगरी पर्वतारोहण र जलविद्युत् आयोजनाका लागि यो प्रभावकारी मानिएको छ ।"

विशेषगरी भौगोलिक रूपमा विकट क्षेत्र, जलविद्युत्लगायत आयोजना निर्माणमा वाकिटकीको प्रयोग प्रभावकारी बनेको छ । ढकालले भनेजस्तै हिमाल आरोहण गर्नेका लागि यो सञ्चारको सबैभन्दा प्रभावकारी माध्यम हो भने जलविद्युत्लगायत आयोजनामा काम गर्नेका लागि यो एक मात्रै साधन हो ।

"हामीकहाँ अहिले दुईवटा 'फ्रिक्वेन्सी'मा वाकिटकीको प्रयोग भइरहेको छ । निश्चित फ्रिक्वेन्सीलाई वाकिटकीको प्रयोजनका लागि निःशुल्क उपलब्ध गराउने हो भने समस्या हुँदैन", उहाँले भन्नुभयो, "अहिले एउटै फ्रिक्वेन्सी सुरक्षा निकायलगायत सबैले प्रयोग गर्नुपर्दा समस्या भएको हो, फ्रिक्वेन्सी छुट्याउँदा यस्तो हुँदैन ।"

वाकिटकी रेडियो फ्रिक्वेन्सी प्रयोग भई सञ्चालन हुने भएकाले रेडियो यन्त्रहरूको आयात, बिक्री-वितरण, आफूसँग राख्न तथा प्रयोग गर्नका लागि रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम लाइसेन्स लिनुपर्छ । हाल सुरुमा रु दुई हजार बुझाएर वाकिटकी प्रयोग गर्न पाइन्छ भने प्रत्येक वर्ष नवीकरणका लागि रु एक हजार बुझाउनुपर्छ ।

"वाकिटकी प्रयोगका लागि जिल्ला प्रशासन अधिकारी ( सिडिओ)मार्फत सिफारिस लिनुपर्ने अवस्था छ तर उहाँहरूले पनि यसलाई जिल्ला सुरक्षा समितिमा छलफल गर्नुपर्ने विषय बनाएपछि कतिपय अत्यावश्यक ठाउँमा सहजै वाकिटकीको प्रयोग गर्न नपाइने अवस्था छ", व्यवसायी ढकालले भन्नुभयो ।

वाकिटकीको प्रयोग मोबाइल तथा अन्य सञ्चार साधनको तुलनामा निकै सहज हुन्छ । यो छिटो र प्रभावकारी पनि हुन्छ । मोबाइलको 'कभरेज' राम्रो नभएको स्थानमा सञ्चार सम्पर्कका लागि वाकिटकीको विकल्प छैन । "त्यति मात्रै होइन, कुनै पनि कार्यक्रम गर्नका लागि, सेक्युरिटी कम्पनी, होटल तथा रेष्टुरेन्टमा पनि यो अत्यावश्यक भइसकेको छ । सरकारले यसको प्रयोगसम्बन्धी कार्यविधिमा सहजीकरण गर्ने हो भने यसबाट धेरैले लाभ लिन सक्छन्", जानकारहरूले भन्ने गरेका छन् । अझ विपद्को समयमा सञ्चारका लागि वाकिटकी सबैभन्दा प्रभावकारी साधन बनेको विभिन्न घटनाक्रमले पुष्टि गरेको ढकालको भनाइ छ । पर्वतारोहणमा महत्वपूर्ण मानिने भए पनि ट्राभल एजेन्सीले सहजै अनुमति नपाउने अवस्था छ । यद्यपि विदेशी पर्वतारोहीका हकमा भने अस्थायी अनुमति दिने गरिएको छ ।

सूचना विभागका निर्देशक डा नेपाल पनि विदेशी नागरिकलाई निश्चित शुल्क तिरेर आवश्यक प्रयोजनका लागि वाकिटकीको प्रयोग गर्न दिने गरिएको बताउनुहुन्छ । उहाँका अनुसार वाकिटकी खरिदबिक्री वा प्रयोग दुवैका लागि अनुमति लिनुपर्छ तर पछिल्लो समय नेपालमा अनुमतिबिना लुकाईछिपाई ल्याएका वाकिटकीको प्रयोग पनि बढेको छ । रेडियो सञ्चार ( लाइसेन्स) नियमावली, २०४९ मा विदेशी नागरिकलाई कुनै पनि रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी लाइसेन्स दिँदा उल्लिखित दस्तुरको चार दोब्बर परिवर्त्य विदेशी मुद्रा लाग्ने उल्लेख छ । साथै विदेशी नागरिक वा संस्थाले अस्थायी रूपमा पर्वतारोहण, पैदलयात्रा, चलचित्र छायाङ्कन आदि कार्यमा रेडियो यन्त्र प्रयोग गर्ने भएमा उल्लिखित दस्तुरको आधा मात्रै लाग्ने उल्लेख छ ।

**अवैध रूपमा प्रयोग गर्नेको बिगबिगी**

गत वर्ष असोजमा सप्तरीको छिन्नमस्ता गाउँपालिकाको मोहनपुरबाट करिब रु आठ लाख बराबरको वाकिटकी प्रहरीले बरामद गरेको थियो । तत्कालीन समयमा भारतबाट अवैध रूपमा ल्याउँदै गरेको १०० वटा पोर्टेबल ह्यान्ड सेट सशस्त्र प्रहरी बल नेपाल बिओपी छिन्नमस्ताले बरामद गरेको थियो । त्यति मात्रै होइन, अनुमतिबिना 'अनलाइन'मार्फत बिक्री गर्नेहरूको सङ्ख्या पनि उल्लेख्य छ ।

डिकेड इन्टरनेसनलका सञ्चालक ढकाल अनुमति नलिई वाकिटकी प्रयोग गर्ने, अनलाइनमार्फत बिक्रीका लागि विज्ञापन गर्नेहरूका कारण आफूहरूलाई समस्या भएको बताउनुहुन्छ । "प्रहरीले अवैध वाकिटकीलाई नियन्त्रणमा लिएका समाचार हामीले सुनिरहेका हुन्छौँ । अवैध रूपमा प्रयोग बढ्दा कानुनी रूपमा अनुमति लिएर प्रयोग गर्ने हामी जस्ताका लागि समस्या भएको छ", उहाँले भन्नुभयो । हाल विभिन्न कम्पनीहरूले अनलाइनमार्फत पनि विज्ञापन गरी वाकिटकी बिक्री गरिरहेको पाइन्छ ।

**विपद्मा वाकिटकी**

पछिल्लो समय स्थानीय सरकार तथा संस्थाहरूले विपद्को समयका लागि भन्दै वाकिटकीको प्रयोग सुरु गरेका छन् । दाङको तुलसीपुर उपमहानगरपालिकाले २०७९ सालदेखि नै यसको प्रयोग गरिरहेको छ । उक्त उपमहानगरले विपद्को समयमा सञ्चार पहुँचका लागि भन्दै १९ वटै वटामा वाकिटकी वितरण गरेको थियो । उपमहानगरमा वितरण गरिएका प्रत्येक वाकिटकीमा वडाअनुसार कल साइनको व्यवस्था गरिएको जनाइएको छ । तुलसीपुर आपत्कालीन सञ्चालन केन्द्र, दमकल र नगरप्रमुख सचिवालयमा एक/एकवटा वाकिटकी राखिएको छ । यसको प्रयोगका लागि प्रशिक्षण पनि दिइएको थियो ।

तुलसीपुरमा मात्रै होइन, वाकिटकीको प्रयोग ताप्लेजुङको प्रसिद्ध तीर्थस्थल पाथीभरामा पनि सुरु भइसकेको छ । त्यहाँ सञ्चारलाई थप व्यवस्थित गर्न वाकिटकी प्रयोग गरिएको हो । मन्दिरसहित केही ठाउँमा मोबाइल नेटवर्कको राम्रो कभरेज नहुँदा समस्या भएपछि पाथीभरा क्षेत्र विकास समितिले वाकिटकीको प्रयोग गरेको हो । पाथीभरा मन्दिर पुग्ने पदमार्गका कतिपय स्थानमा फोन नलाग्ने समस्या छ । त्यहाँ आउने भक्तजनको गणनादेखि स्वास्थ्यकर्मी, सरसफाइ, पूजाआजा तथा भेटीघाटी व्यवस्थापनमा कर्मचारी खटिएका हुन्छन् । उनीहरूबीच सञ्चार स्थापित गर्नका लागि वाकिटकी प्रयोग गरिएको हो ।

हाल नेपालमा युएचएफ फ्रिक्वेन्सीमा ४०० देखि ४८० सम्म र भिएचएफमा १३६ देखि १७४ फ्रिक्वेन्सीमा वाकिटकी प्रयोग भइरहेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पनि स्थान र उपलब्धताका आधारमा प्रिक्वेन्सी उपलब्ध गराउँदै आएको छ । हाल नेपालमा करिब एक हजार कम्पनीले वाकिटकीको प्रयोग र बिक्री वितरण गरिरहेका छन् । सूचना विभागको पछिल्लो तथ्याङ्कअनुसार हालसम्म करिब ५०० ले नवीकरण गरेका छन् ।

# 'कृषि क्षेत्र क्रमश : आधुनिकीकरणतर्फ अग्रसर भइरहेको छ'

काठमाडौँ, २३ फागुन (रासस) ।

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको कृषि क्षेत्र परम्परागत तथा निर्वाहमुखी खेती प्रणालीबाट क्रमशः आधुनिकीकरण तथा व्यवसायीकरणतर्फ अग्रसर भइरहेको बताउनुभएको छ ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसदहरूले गरेका कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नको जवाफ दिँदै उहाँले नेपालको संविधान २०७२ को मर्मअनुसार संघ, प्रदेश र स्थानीय तहबाट कृषि तथा पशुपन्छी विकासका कार्यक्रम सञ्चालन हुँदै आएको बताउनुभयो ।

स्वदेशमै खाद्यान्न, फलफूल, दूध, अण्डा, मासु र तरकारी आदिमा प्रशस्त उत्पादन गरेर विदेशी आयात निरुत्साहित पार्ने तथा देशलाई आत्मनिर्भर बनाउनेतर्फ कस्तो योजना छ ? भन्ने प्रश्नको जवाफमा उहाँले कृषि क्षेत्रको यान्त्रिकीकरण तथा व्यवसायीकरणसँग सम्बन्धित कार्यक्रमबाट विभिन्न खाद्यान्न, तरकारी, फलफूललगायत बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि भएको बताउनुभयो । चालु आर्थिक वर्षमा धानको उत्पादन गत आवकोभन्दा दुई लाख ३१ हजार मेट्रिक टनले बढेर कूल ५९ लाख ५५ हजार मेट्रिक टन भएको उहाँले जानकारी दिनुभयो ।

मन्त्री अधिकारीले भन्नुभयो, "कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि मन्त्रालय तथा मातहतका निकायबाट रासायनिक मलको सहज आपूर्ति तथा वितरण, उन्नत बीउबिजनको उत्पादन तथा उपलब्धता, जातीय विकास तथा प्रविधि प्रवर्द्धन, रैथाने बाली, पशु तथा कृषि जैविक विविधता संरक्षण एवं प्रवर्द्धन, बालीले ढाकेको क्षेत्र विस्तार, सिञ्चित कृषि क्षेत्रको विस्तार, कृषि उत्पादन तथा व्यवसाय विकासका लागि अनुदान र सहुलियत प्रदान गरिएको छ ।"

उहाँले प्रमुख कृषि पूर्वाधारहरूको निर्माण, पशु नश्ल सुधार, पशुपन्छी रोग नियन्त्रण तथा खोप कार्यक्रम, खाद्यवस्तुको मापदण्ड तयारी तथा बजार अनुगमन र नियमनलगायत कार्यक्रमलाई नियमित रुपमा सञ्चालन भइरहेको पनि बताउनुभयो । "कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट बाली लगाउनुपूर्व नै मुख्य बाली वस्तुहरूको

बाँकी तीन पृष्ठमा

# चैते धानको न्यूनतम समर्थन मूल्य तोक्ने सरकारको निर्णय

काठमाडौँ, २३ फागुन (रासस) ।

सरकारले चालु आर्थिक वर्ष २०८१/८२ का लागि १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल दुई हजार आठ सय रुपैयाँ ६९ पैसा तोक्ने निर्णय गरेको छ ।

सरकारका प्रवक्ता समेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले शुक्रबार सञ्चार मन्त्रालयमा मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्दै भन्नुभयो, "१८ प्रतिशतभन्दा चिस्यान भएको चैते धानको हकमा एक प्रतिशत चिस्यानका लागि प्रतिक्विन्टल एक हजार दुई सय ग्रामका दरले हुन आउने तौल घटाइ कायम हुन आउने तौलका आधारमा न्यूनतम समर्थन मूल्य कायम गर्ने निर्णय भएको छ ।"

यही फागुन २१ गतेको मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्दै उहाँले आगामी चैत २६ देखि २७ गतेसम्म अमेरिकाको वासिङ्टन डिसीमा आयोजना हुने 'एन्टी करप्सन ग्लोबल फोरम'मा सहभागी हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त जयबहादुर चन्दलाई स्वीकृति प्रदान गर्ने निर्णय जानकारी दिनुभयो ।

बैठकले थाइल्यान्डको बैङ्ककमा यही फागुन १९ गतेदेखि २१ गतेसम्म आयोजना हुने एसिया प्यासिफिक रिजनल प्रिप्रेटरी मिटिङ फर द सेकेन्ड युनाइटेड नेसन्स फूड सिस्टमस् समिट स्टकटेकिङ मोमेन्ट ( युएनएफएसएस-४) कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य प्राडा आरपी विच्छालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने, प्रधानमन्त्रीको मानव अधिकार तथा सङ्क्रमणकालीन न्यायसम्बन्धी सल्लाहकारमा अग्निप्रसाद खरेललाई नियुक्त गर्ने, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१ को प्रतिस्थापन विधेयक सङ्घीय संसद्बाट अध्यादेश स्वीकृत भएपश्चात् पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

साथै आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ को प्रतिस्थापन विधेयक सङ्घीय संसद्बाट अध्यादेश स्वीकृत भएपश्चात् पेस गर्न स्वीकृति प्रदान गर्ने, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई प्रतिस्थापन गर्ने विधेयक सङ्घीय संसद्बाट अध्यादेश स्वीकृत भएपश्चात् पेस गर्न स्वीकृति प्रदान गर्ने, निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई प्रतिस्थापन गर्न बनेको विधेयक सङ्घीय संसद्बाट अध्यादेश स्वीकृत भएपश्चात् पेस गर्न स्वीकृति प्रदान गर्ने मन्त्रिपरिषद्को निर्णय रहेको छ ।

आगामी चैत ५ देखि ६ सम्म जर्मनीको बर्लिन आयोजना हुने ११औँ 'एडिसन अफ द बर्लिन इनर्जी ट्रान्जिसन डाइलग' मा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालाई सहभागी हुन स्वीकृति दिने, नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरण, कार्यकारी निर्देशक वा महाप्रबन्धकको सेवाको सर्त तथा सुविधासम्बन्धी विनियमावली, २०६१ (संशोधनसहित) को विनियम २२ को खण्ड (क) बमोजिम नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदबाट किन नहटाउने ? भनी सोही विनियमावलीको विनियम २३ बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष तीन दिनभित्र सफाइ पेस गर्न मौका दिने निर्णय गरेको छ ।

नेपाल प्रहरीमा जनपद समूहतर्फ रिक्त रहेको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा प्रहरी नायब महानिरीक्षक जनक भट्टराईलाई यही फागुन १८ गतेदेखि लागू हुने गरी बढुवा नियुक्त गरी नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश समन्वय विभागमा पदस्थापन गर्ने, सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ को प्रतिस्थापन विधेयक सङ्घीय संसद्बाट अध्यादेश स्वीकृत भएपश्चात् पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरिएको छ ।

यही फागुन २६ गतेदेखि चैत ८ गतेसम्म न्युयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसङ्घीय महिलाको स्थितिसम्बन्धी आयोग ( सिएसडब्लु) को ६९औँ सम्मेलनमा सहभागी हुन महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीको नेतृत्वको प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गर्ने, यही फागुन २९ मा बेलायतको लन्डनमा आयोजना हुने मिनिस्ट्रियल राउन्ड टेबल इभेन्ट अन टेकिङ वाटर सेक्युरिटी एक्रस द क्लाइमेट-नेचुरल-डेभलपमेन्ट नेक्सस् कार्यक्रममा सहभागी हुन वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीलाई स्वीकृति प्रदान गर्ने, सहसचिव वीरेन्द्रकुमार यादवलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशको प्रमुख सचिव पदमा कायममुकायम मुकरर गर्ने पनि निर्णय गरेको छ ।

साथै बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ( शासकीय मामिला), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ( वाणिज्य तथा आपूर्ति), महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवको विभिन्न देशमा हुने वैदेशिक भ्रमण स्वीकृत गर्ने मन्त्रिपरिषद्को निर्णय रहेको छ ।

त्यस्तै, नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा मधेस प्रदेशका कायममुकायम प्रमुख सचिव मदन भुजेललाई बढुवा गरी मधेस प्रदेशमा पदस्थापन गर्ने, नेपाल स्वास्थ्य सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पदमा अधिकृत बाह्रौँ तहका डा विकास देवकोटालाई बढुवा गर्ने, राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरु सचिव सुमन अर्याल राष्ट्रिय योजना आयोग र सचिव लोकनाथ पौड्याललाई उपराष्ट्रपति कार्यालयमा सरुवा गर्ने मन्त्रिरिषद्को निर्णय छ ।

## 'कृषि क्षेत्र ...

न्यूनतम समर्थन मूल्य तोक्ने, रासायनिक मलको सहज आयात तथा वितरण व्यवस्थापन, पशुपन्छीमा लाग्ने रोगविरूद्ध खोप कार्यक्रम, कृत्रिम गर्भाधान सेवा, कृषि बिमा र किसान सूचीकरणको दायरा विस्तारलगायतका प्रमुख कार्यक्रममा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्", मन्त्री अधिकारीले भन्नुभयो ।

उत्पादकत्व ३ दशमलव ९८ मे टनप्रति हेक्टरबाट बढेर ४ दशमलव १९ मे टन पुगेको छ । ताजा तरकारी र फलफूलको क्षेत्रफल र उत्पादन तथा उत्पादकत्वसमेत बढ्दै गएको उहाँको भनाइ छ ।

मन्त्री अधिकारले हाल बाह्रै महिना ताजा तरकारी उपलब्धता तथा स्याउ, सुन्तला, केरा र आँपजस्ता प्रमुख फलफूलहरूको उत्पादनको हिस्सा स्वदेशी बजारमा बढ्दै गएको र पशुपन्छीजन्य उत्पादनमा देश आत्मनिर्भरतातर्फ अघि बढिरहेको बताउनुभयो ।

आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्कअनुसार दूध उत्पादन २६ लाख १६ हजार मे टन, माछा एक लाख १९ हजार मे टन, मासु चार लाख ३१ हजार मे टन र अण्डा एक अर्ब ६० करोडभन्दा रहेको उहाँले बताउनुभयो । "संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठनले सिफारिस गरेअनुसार प्रतिव्यक्ति प्रतिवर्ष मासु १४ केजी, अण्डा ४८ वटा र दूध ९१ ली आवश्यक पर्दछ भने हाल मासु २१ केजी, अण्डा ५५ बटा र दूध ८९ दशमलव ६ लिटर आवश्यक हुनेमा सो को परिपूर्ति स्वदेशी उत्पादनबाट नै भइरहेको देखिन्छ", मन्त्री अधिकारीको भनाइ थियो ।

### 'सरकारले आयातलाई निरुत्साहन र निर्यातलाई प्रोत्साहन गर्दै लगेको छ'

मन्त्री रामनाथ अधिकारीले खाद्यान्न, फलफूल, दूध, अण्डा, मासु र तरकारी आदिमा आन्तरिक उत्पादनमा वृद्धि तथा विदेशी आयातलाई निरुत्साहित गर्न सरकारले विभिन्न कार्यक्रमलाई प्राथमिकता दिने योजना रहेको बताउनुभएको छ ।

राष्ट्रियसभाको बैठकमा उठेका प्रश्नको जवाफ दिने क्रममा उहाँले कृषिउपजको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि विशेष कृषि उत्पादन कार्यक्रममार्फत रासायनिक मलको समयमा उलब्धता सुनिश्चित गर्ने योजना रहेको बताउनुभयो । मन्त्री अधिकारीको भनाइ थियो,"बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रममार्फत गुणस्तरीय बीउको उपलब्धता सुनिश्चित गरी खाद्यन्न बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र नेपाल कृषि अनुसन्धान केन्द्र, कृषि विभाग र पशु सेवा विभागअन्तर्गत स्थापना भएका स्रोत केन्द्रमा उत्पादन भएका गुणस्तरीय सामग्री (बीउ, बेर्ना, पशुपन्छी नश्ल) को उपलब्धता वृद्धिगरी गुणस्तरीय स्रोत सामग्रीमा आमकृषकको पहुँच वृद्धि गर्ने सरकारको योजना छ ।"

उहाँले चालु आव २०८१/०८२ को बजेट तथा कार्यक्रममार्फत कृषि प्रसार सेवामा कृषकको पहुँच वृद्धिका लागि सङ्घीय निकाय, प्रदेश तहका निकाय र स्थानीय तहमार्फत सेवा प्रवाह भइरहेको पनि संसद्मा जानकारी गराउनुभयो ।

स्थानीय तहमा जनशक्ति अभावलाई सम्बोधन गर्न छ सय १४ स्थानीय तहमा एक हजार आठ सय ६२ जना प्राविधिकका लागि 'एक गाउँ एक प्राविधिक' अन्तर्गत तलब भत्ता कार्यक्रम, दुई सय ५० स्थानीय तहमा एक पालिका एक भेटेरिनरी डाक्टर र चार सय ६७ स्थानीय तहमा कृषि अधिकृतका लागि कृषि स्नातक करार कार्यक्रममा ससर्त वित्तीय हस्तान्तरणलाई प्राथमिकता दिइएको अधिकारीले उल्लेख गर्नुभयो । "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम, व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम र बृहत्तर व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र ( सुपरजोन) विकास कार्यक्रममार्फत बाली/वस्तु विशेषको उत्पादन तथा उत्पाकत्व वृद्धि लक्षित कार्यक्रमलाई प्राथमिकता दिइ सञ्चालन भइरहेको छ", उहाँले भन्नुभयो । फलफूल बालीमा आत्मनिर्भरताका लागि सुन्तला बालीलाई राष्ट्रिय फलका रूपमा घोषणा गरिएको र राष्ट्रिय फलमा केन्द्रित रही नमुना सुन्तला बगैँचा स्थापनासहित गुरु किसान परिचालन र क्षेत्रफल विस्तारः गुरु किसान छनोट तथा नमूना फार्म स्थापना सहयोग कार्यक्रम, सुन्तला बालीलगायत अन्य फलफूल बालीको सुपरजोन, जोन, ब्लक र पकेट कार्यक्रम सञ्चालनलाई प्राथमिकता दिइएको पनि उहाँले बताउनुभयो ।

मन्त्री अधिकारीले पहाडी क्षेत्रमा बाँझो तथा खेतीयोग्य जमिनमा फलफूलखेती विस्तारका लागि पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजनामार्फत कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिममा प्रभावकारी रूपमा सञ्चालन गराउने योजना पनि सुनाउनुभयो ।

प्रमुख खाद्यान्न बाली धान, मकै, गहु र रैथाने बाली प्रवर्द्धन कार्यक्रम, साना सिँचाइ पूर्वाधार निर्माण, भण्डारण पूर्वाधार तथा पशुपन्छीहरूमा महामारी/आकास्मिक रोग नियन्त्रण कार्यक्रम, कृत्रिम गर्भाधान मिसन कार्यक्रम, कम्पार्टमेन्टलाइजेसन कार्यक्रम, गाईभैंसीपालन असल अभ्यास प्रवर्द्धन कार्यक्रम, डेरी प्रवर्द्धन कार्यक्रम, आधारभूत प्रयोगशाला कार्यक्रम, बाखा स्रोत केन्द्र स्थापना सहयोगजस्ता कार्यक्रमहरू गर्ने योजना रहेको उहाँले सुनाउनुभयो ।

# विश्व समाचार

## इक्वेडरमा गोली हानाहान, २२ जनाको मृत्यु

गुयाक्विल (इक्वेडर), २३ फागुन (रासस/एएफपी) ।

इक्वेडरको लागूपदार्थ तस्करी गिरोहका प्रतिद्वन्द्वी समूहहरूबीच बिहीबार हिंसात्मक बन्दरगाह सहर गुयाक्विलमा भिडन्त हुँदा कम्तीमा २२ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । सहरमा आन्तरिक झडपको शृङ्खलामा अन्य तीन जना घाइते भएका छन् । स्थानीय प्रहरीले विज्ञप्तिमा पहिले १२ जनाको मृत्यु भएको बताएको थियो । एक प्रहरी स्रोतका अनुसार गोली हानाहानमा लस टिगेरोन्स नामक गिरोहका विरोधी समूहहरू संलग्न थिए । उक्त गिरोह यस पहिले शान्तिपूर्ण देशमा सबैभन्दा शक्तिशाली गिरोहमध्ये एक हो ।

इक्वेडर लागुऔषध तस्करी, अपहरण र फिरौतीमा संलग्न अनुमानित २० आपराधिक गिरोहहरूको घर हो । यिनीहरूले विश्वको सबैभन्दा ठूला कोकिन उत्पादकहरू पेरु र कोलम्बियाबीचमा रहेको एक करोड ८० लाख जनसङ्ख्या भएको इक्वेडरमा विनाश मच्चाइरहेका छन् । पछिल्ला वर्षहरूमा इक्वेडर गुयाक्विल जस्ता बन्दरगाहहरू मार्फत संयुक्त राज्य अमेरिका र युरोपमा कोकिन पठाउने अन्तर्राष्ट्रिय कार्टेलहरूको द्रुत प्रसारको बीच हिंसामा डुबेको छ । उदाहरणका लागि हत्याको दर सन् २०१८ मा प्रति एक लाख बासिन्दामा छ बाट बढेर सन् २०२३ मा रेकर्ड ४७ पुगेको छ ।

विशेषज्ञहरूका अनुसार गिरोहहरू निरन्तर परिवर्तन भइरहेका छन् र अपराधबाट हुने मुनाफाले बलियो हुँदै गएका छन् । गुयाक्विल गुयास प्रान्तको राजधानी हो । यो सात प्रान्तमध्ये एक हो र यहाँ सरकारले अपराधीहरूसँग लड्दै गर्दा पछिल्लो दुई महिनादेखि आपत्कालीन अवस्था लागू गरेको छ । गत महिना राष्ट्रपति डानियल नोबोआले स्पष्ट नगरिएका मित्र राष्ट्रहरूलाई यो लडाइँमा मद्दत गर्न विशेष बलहरू पठाउन अनुरोध गर्ने बताउनुभएको थियो । अप्रिल १३ मा नोबोआले वामपन्थी लुइसा गोन्जालेजको सामना गर्ने निर्वाचनका लागि इक्वेडरले तयारी गरिरहेको बेला पनि हिंसा कम भएको छैन ।

## पेरिसको रेल स्टेसनमा दोस्रो विश्वयुद्धको बम फेला

पेरिस, २३ फागुन (रासस/एएफपी) ।

फ्रान्सको सबैभन्दा व्यस्त टर्मिनलतर्फ जाने रेलमार्गमा दोस्रो विश्वयुद्धको बम फेला परेपछि पेरिस गारे डु नोर्ड रेल स्टेसनमा शुक्रबार यातायात रोकिएको अधिकारीहरूले बताएका छन् । राष्ट्रिय एसएनसिएफ रेल कम्पनीले सेन्ट डेनिस उपनगरको क्षेत्रमा मर्मत कार्यको क्रममा रातभर 'रेलमार्गको बीचमा' विस्फोट नभएको बम फेला परेको बताएको छ । आरइआर बी उपनगरीय रेलले एक्समा लेखेको पोस्टमा बम 'दोस्रो विश्वयुद्धको समयको' भएको उल्लेख छ । पेरिस प्रहरीले यन्त्रलाई निष्क्रिय पार्ने काम गरिरहेकाले युरोस्टार रेलहरूका साथै उच्च-गति र स्थानीय सेवाहरू सञ्चालन गर्ने रेल स्टेसनमा सबै ट्राफिक बन्द गरिएको थियो ।

गारे डु नोर्ड रेल स्टेशन पेरिसको उत्तरमा अवस्थित छ र देशको सबैभन्दा व्यस्त रेल टर्मिनल हो । एसएनसिएफका अनुसार यो टर्मिनलले प्रत्येक दिन अनुमानित सात लाख मानिसलाई सेवा प्रदान गर्दछ ।

## ठूलो व्यापारिक सम्झौताका लागि साउदी अरब जाने ट्रम्पको घोषणा

वासिङ्टन, २३ फागुन (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुस र युक्रेनसँगको अमेरिकी कूटनीतिका लागि महत्वपूर्ण स्थल बनेको साउदी अरबसँग ठूलो लगानीका लागि सम्झौता गर्न सुझाव दिँदै आफूले साउदी अरबको भ्रमण गर्ने योजना बनाएको बताउनुभएको छ । साउदी अरबमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट्ने कि नभेट्ने भन्ने प्रश्नमा ट्रम्पले तेलको धनी खाडी मुलुकमा भ्रमण गर्ने आफ्नो इच्छा रहेको तर भ्रमणको मुख्य उद्देश्य व्यापार नै हुने उहाँले बताउनुभयो ।

"म साउदी अरब जाँदैछु," ट्रम्पले पत्रकारसँग भन्नुभयो । "मैले साउदी राजासँग भनेको थिएँ, यदि तपाईंले अमेरिकी कम्पनीहरूलाई एक ट्रिलियन डलर दिने प्रतिवद्धता (चार वर्षको अवधिमा एक ट्रिलियन डलरको खरिद गर्ने रकम छुट्टाउनुभयो) भने म त्यहाँ जान्छु," उहाँले आफ्नो कार्यकालको अवधिलाई सङ्केत गर्दै भन्नुभयो । उहाँले आफ्नो भनाइलाई थप व्याख्या गर्दै भन्नुभयो, "उनीहरू त्यसो गर्न सहमत भएका छन्, त्यसैले म त्यहाँ जाँदैछु।"ह्वाइट हाउस फर्केपछि अहिलेसम्म विदेश भ्रमण नगर्नुभएका ट्रम्पले सन् २०१७ मा कार्यभार सम्हालेपछि साउदी अरबलाई आफ्नो पहिलो विदेशी गन्तव्य बनाउनुभएको थियो ।

उहाँले सन् २०१७ मा आफ्नो पहिलो यात्रामा बेलायतको सट्टा साउदी अरब जाने निर्णय गरेको बताउनुभएको थियो । उक्त समय साउदी अरबले ४५० अर्ब अमेरिकी डलर बराबरको अमेरिकी उत्पादन किन्ने वाचा गर्नुभएको थियो ।

ट्रम्पले साउदी अरबसँग घनिष्ठ व्यापारिक सम्बन्ध गाँसेसँगै ट्रम्प अर्गनाइजेसनले गत डिसेम्बरमा जेद्दाहमा ट्रम्प टावर बनाउने घोषणा गरेको थियो । आफ्नो पछिल्लो कार्यकालमा ट्रम्पले साउदी अरबले अमेरिकासँग हतियार खरिद गरेको कारण विद्रोही पत्रकार जमाल खशोग्गीको हत्या आरोप लागेका युवराज मोहम्मद बिन सलमानलाई सहयोग गर्ने बताउनुभएको थियो । पूर्व राष्ट्रपति जो बाइडेनले सुरुमा युवराजलाई मानव अधिकारका कारण 'पराया' बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो तर पछि उहाँको प्रशासनले साउदी अरबलाई रक्षा सम्झौताको मस्यौदासहित इजरायललाई मान्यता दिन प्रोत्साहित गर्ने प्रयास गरेको थियो । ट्रम्प प्रशासनले साउदी अरबलाई इजरायलसँगको सम्बन्ध सामान्यीकरण गर्न राजी गराउने प्रयासमा पूर्ण गतिले अघि बढ्ने प्रतिज्ञा गरेको छ । यो राज्य इस्लामका दुई पवित्र स्थल भएको ठाउँ भएकोले यो एक ऐतिहासिक कदम हुनेछ ।

# राष्ट्रियसभाबाट पाँच अध्यादेश स्वीकृत

काठमाडौँ, २३ फागुन (रासस)। राष्ट्रियसभाको बिहीबारको बैठकले पाँचवटा अध्यादेश स्वीकृत गरेको छ।

प्रतिनिधिसभाबाट बुधबार पारित भएका सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ तथा सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई राष्ट्रियसभाले बहुमतबाट स्वीकृत गरेको हो।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१, निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ माथि सांसदहरु डा वेदुराम भुसाल, मायाप्रसाद शर्मा, नरबहादुर विष्ट र सुरेशकुमार आले मगरले अध्यादेश अस्वीकार गरियोस् भन्ने प्रस्ताव पेश गर्नुभएको थियो। उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको छ।

यस्तै सांसदहरु मदनकुमारी शाह 'गरिमा' र झक्कुप्रसाद सुवेदीले निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ अस्वीकार गरियोस् भन्ने प्रस्ताव बिहीबारको बैठकमा पेश गर्नुभएको थियो। उक्त प्रस्ताव पनि बहुमतले अस्वीकृत भएको छ।

आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ माथि गङ्गाकुमारी बेलवासे, विष्णुबहादुर विश्वकर्मा, मनरुपा शर्मा र घनश्याम रिजालले अस्वीकार गरियोस् भन्ने प्रस्ताव राख्नुभएको थियो। उक्त प्रस्ताव पनि अस्वीकृत भएको छ।

त्यसैगरी सांसदद्वय जगप्रसाद शर्मा र राजेन्द्रलक्ष्मी गैरेले सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस् भनी प्रस्ताव राख्नुभएको थियो। उक्त प्रस्ताव पनि बहुमतले अस्वीकृत भएको छ।

# 'लोक सेवा आयोगले निष्पक्ष एवं पारदर्शी ढङ्गले काम गरिरहेको छ'

विराटनगर, २३ फागुन (रासस)। लोक सेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले आयोगले विगतको इतिहासलाई कायम राखी निष्पक्ष एवं पारदर्शी ढङ्गले काम गरिरहेको बताउनुभएको छ।

आयोगको पाँचौँ राष्ट्रिय सम्मेलनको शुक्रबार यहाँ उद्घाटन गर्दै उहाँले आयोगले स्थापित विधि, मापदण्ड र अभ्यासबाट आयोगले आफ्ना काम र गतिविधि सञ्चालन गरिरहेको बताउनुभयो। अध्यक्ष रेग्मीले सम्मेलनले प्रदेश लोक सेवा आयोगलाई प्रभावकारी बनाउन र यसको पवित्रतालाई बढोत्तरी गर्न मद्दत पुर्‍याउने धारणा राख्नुभयो।

कोशी प्रदेशका प्रमुख सचिव केदारनाथ शर्माले आयोगले स्थापनाकालदेखि नै निष्पक्षता, स्वच्छता र पारदर्शितालाई कायम राखेकाले यो संस्थाप्रति आमनागरिकको आस्था बढ्दै गएको बताउनुभयो।

मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले संविधानप्रदत्त अधिकारभित्र रही आयोगले कुशल एवं सक्षम राष्ट्रसेवक कर्मचारीहरू छान्न सक्नु निकै सराहनीय रहेको धारणा राख्नुभयो।

कार्यक्रममा प्रदेश लोक सेवा आयोगका अध्यक्षहरूमा कोशी प्रदेशका महेन्द्रप्रसाद गुरागाइँ, मधेस प्रदेशका शिवराम यादव, बाग्मती प्रदेशका महेश्व श्रेष्ठ, गण्डकी प्रदेशका विष्णुप्रसाद नेपाल, लुम्बिनी प्रदेशका डिलाराम भट्टराई, कर्णाली प्रदेशका कावा अध्यक्ष बसन्तीकुमारी सिंह र सुदूरपश्चिम प्रदेशका यज्ञराज बोहराले प्रदेश लोक सेवा आयोगले गरिरहेका काम र भोगिरहेका समस्याबारे अवगत गराउनुभयो। सम्मेलन दुई दिनसम्म सञ्चालन हुनेछ।

# 'बेरुजुका सम्बन्धमा महालेखाको सुझाव कार्यान्वयन गर्नैपर्छ'

काठमाडौँ, २३ फागुन (रासस)। महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षणका सम्बन्धमा औँल्याइएको विषय तथा दिइएका सुझावको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिएको छ।

महालेखापरीक्षकको कार्यालयमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा महालेखापरीक्षक तोयम रायाले वार्षिक प्रतिवेदनमा औँल्याइएका सुझाव कार्यान्वयन गर्न सबै पक्ष सजग हुनुपर्ने बताउनुभयो।

महालेखापरीक्षक रायाले भन्नुभयो, "लेखापरीक्षण सशक्त हुनैपर्छ, कानुनअनुसार चल्नैपर्छ, कार्यालयले दिएको सुझाव कार्यान्वयन हुनैपर्छ।" उहाँले पछिल्लो छ वर्षको तथ्याङ्क हेर्दा स्थानीय तहमा बेरुजु घट्दो क्रममा रहेको बताउनुभयो। "तर प्रतिशतमा हेर्दा सङ्घको तुलनामा बेरुजु बढेको छ", उहाँले भन्नुभयो।

सुरुका वर्षहरुमा ऐन, कार्यविधि, कार्यालय नभएको तथा नयाँ लेखापरीक्षकलाई आर्थिक विषयमा पर्याप्त ज्ञान नहुँदा बेरुजु बढी देखिएको जानकारी दिँदै महालेखापरीक्षक रायाले भन्नुभयो, "ती संस्थाहरु पनि नयाँ थिए, विस्तारै बेरुजु घट्दै छ। सुरुआती वर्षमा बेरुजुको अनुपात बढी देखिएको हो, तर स्थानीय तहमा बेरुजु बढेको चाँहि होइन।"

नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय तथा पूर्णस्वामित्व भएको सङ्गठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यका आधारमा महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ।

गत वर्ष महालेखापरीक्षकको कार्यालयले सङ्घीय तथा प्रदेश सरकारी निकाय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थासमेत रु ७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न गरेको थियो। महालेखाले सरकारी निकायको लेखापरीक्षणबाट रु ९५ अर्ब ६० करोड बेरुजु औँल्याएको थियो।

# शिक्षकको समस्या समाधान गर्न माग

काठमाडौँ, २३ फागुन (रासस)। राष्ट्रियसभाका सांसद मायाप्रसाद शर्माले लामो समयदेखि आन्दोलित शिक्षकको समस्या समाधान गर्न सरकारसमक्ष माग गर्नुभएको छ।

राष्ट्रियसभाको शुक्रबारको बैठकको शून्य समयमा उहाँले सरकारले आन्दोलनरत शिक्षकको समस्या समाधानभन्दा पनि उनीहरुलाई विभिन्न आरोप लगाएर निरुत्साही गर्ने काम गरेको आरोप लगाउनुभयो। संसदीय समितिमा छलफलमा रहेको शिक्षा विधेयकलाई जतिसक्दो छिटो पारित गरेर देशैभरिको शिक्षकहरुको समस्या समाधान गर्नुपर्ने उहाँको भनाइ छ।

"देशमा १८ घण्टासम्म लोडसेडिङ थियो, त्यो शून्यमा झरेको छ, लोडसेडिङको अन्त्य भारतका कारणले भएको हो भनेर मन्त्रीले हिजो प्रतिनिधिसभमा अभिव्यक्ति दिनुभएको छ, कुरा त्यसो होइन, लोडसेडिङ अन्त्यको जस कुलमान घिसिङलाई दिनुपर्छ", उहाँले भन्नुभयो।

सांसद शारदा देवी भट्टले अमेरिकाले नेपालीहरुलाई अपमानित तरिकाले नेपाल पठाउनु मानव अधिकारविपरीत भएको बताउनुभयो। उहाँले भन्नुभयो, "अमेरिकाले मानव अधिकारविरुद्ध डिपोर्ट गर्ने काम गरेको छ, नेपाल पठाउनु ठीक छ, तर पठाउने शैली ठीक छैन, यो बारेमा सरकारले कूटनीतिक तरिकाले अमेरिकी सरकारसँग कुरा गर्नुपर्छ।"

सांसद सुमित्रा विसीले हवाई क्षेत्रमा लापरवाही देखिएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो। "हिजो फागुन २२ गते बुद्ध एयरको जहाजले एउटा पाङ्ग्रा जनकपुरमै छोडेर ६३ जना यात्रु बोकेर आएको थियो, भाग्यले जहाजले सुरक्षित अवतरण गरेको थियो, तर यो हवाई क्षेत्रको गम्भीर त्रुटी हो, यसमा सम्बन्धित निकाय सचेत हुनुपर्छ", उहाँले भन्नुभयो। उहाँले गत साउनमा सौर्य एयरको विमान दुर्घटनामा परेका व्यक्तिको परिवारलाई न्याय दिने र सम्बन्धित निकायलाई कारबाही गर्ने विषयमा सरकारसँग जवाफ माग गर्नुभयो।

### नागरिकतामा कीर्ते ...

पीडित बिजय कुमार यादवका अनुसार २०८० असार महिनामा आफ्नो चोरी भएको सप्तरी जिल्ला प्रशासन कार्यालयबाट जारि १६-०१-७१-०८९९५ नम्बरको नागरिकता प्रमाणपत्रमा किर्ते गरि उनीहरुले बिराटनगरस्थित सिटिजन बैंकमा १७००१००००८०१० नम्बरको खाता संचालनमा ल्याएका थिए।

त्यसपछी विभिन्न आकर्षक योजना र वैदेशिक रोजगारीको नाममा उनीहरुको चितवनकी करुणा सुनुवारबाट ९० हजार, सुनसरीका मनिकुमार राईबाट २ लाख ८१ हजार र आयुष राईबाट २ लाख १५ हजार रुँपैया ट्रान्सफरको माध्यमबाट झिकाई ठगि गरेका थिए।

आफूलाइ थाहै नदिई खोलिएको खाताबाट ठगि धन्दा चलाएका व्यक्तिबाट ठगिएकाहरु आफू बिरुद्ध नै प्रहरीमा उजुरी दिएपछी प्रहरीलाई सबै कुरा जानकारी गराएको र सुक्ष्म अनुसन्धान हुँदा सत्यतथ्य बाहिरिएको पीडित बिजय यादवको भनाई छ।

# 'राजनीतिमा महिलाको ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने'

काठमाडौँ, २३ फागुन। प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सांसद नारायणी शर्माले सम्पत्तिमा महिलाको समान अधिकार र राजनीतिमा ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने माग गर्नुभयो।

बैठकको आकस्मिक समयमा सांसद शर्माले ११५औँ अन्तरराष्ट्रिय महिला श्रमिक दिवसका अवसरमा सम्पत्तिमा समान अधिकार, कार्यकारी भूमिकासहित ५० प्रतिशत प्रतिनिधित्व 'ग्यारेन्टी' हुने गरी कानुन निर्माण गर्नुपर्ने उहाँको भनाइ थियो।

सांसद मनीष झाले टिपर चालकले अनियन्त्रित र जथाभावी टिपर चलाउँदा धेरै मानिसको अकालमा ज्यान जाने गरेको भन्दै टिपर चालकलाई फरक खालको 'लाइसेन्स' व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो। उहाँले कतिपय अवस्थामा टिपर हिँड्न अनुमति नदिएको अवस्थामा समेत टिपर चलाइरहेको देखिएकाले यसलाई नियन्त्रण गरी जीउधनको सुरक्षा गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद दीपकबहादुर सिंहले देवभुमि, बुद्ध र सीताको जन्मभूमि भएकाले नेपालको समृद्धिका लागि धार्मिक पर्यटन प्रवर्द्धनमा ध्यान दिनुपर्ने बताउनुभयो। सांसद डा अमरेशकुमार सिंहले रौतहट सदरमुकाम गौर तनावग्रस्त भइरहेकाले तत्काल अध्ययन गरी समस्या समाधान गर्न माग गर्नुभयो।

सांसद मेटमणि चौधरीले आफ्नो निर्वाचन क्षेत्रमा एक निर्माण आयोजना अलपत्र छोडेको र जलस्रोत तथा सिँचाइ विभाग, एसियाली विकास बैङ्कको सहयोगमा पश्चिम राप्ती नदी नियन्त्रणका लागि सञ्चालित एक परियोजना निर्माण भइरहेकामा सम्झौताअनुसार सम्पन्न गर्ने समय तीन महिना बाँकी रहँदा ४० प्रतिशत मात्र काम भएकाप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले उक्त परियोजना समयमा निर्माण नभएमा सो क्षेत्रमा धेरै ग्रामीण भाग डुबान र कटान हुने भएको भन्दै समयमै समाधान गर्न माग गर्नुभयो।

सांसद छिरिङलामु लामा तामाङले बिहीबार जनकपुरमा बुद्धएयरको विमानमा देखिएको लापरवाहीप्रति सरकारको ध्यानाकर्षण गराउँदै नेपालको आन्तारिक तथा अन्तरराष्ट्रिय उठान सुरक्षित बनाउन आग्रह गर्नुभयो।

### गाडीको ठक्करबाट ...

कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक केदारमान डोङले जानकारी दिनुभयो।

बिहीबार साँझ गाईघाट बजारबाट त्रियुगा बसपार्कतर्फ जाँदै गरेको प्रदेश नं १ ०५-००१ च ०९२ नम्बरको जीपले डिएमगेट नजिक सडकको पेटीमा बसिरहेका दुवै जनालाई ठक्कर दिएको हो। ठक्करबाट गम्भीर घाइते भएकी अनुकुमारीको घटनास्थलमा नै मृत्यु भएको हो। अर्की घाइते देवीकुमारीको उपचारका क्रममा जिल्ला अस्पताल उदयपुरमा मृत्यु भएको प्रहरीले जनाएको छ।

जीप चालक त्रियुगा नगरपालिका-९ गैरुन का १८ वर्षीय निर्जल कटुवाललाई प्रहरीले नियन्त्रणमा लिएको छ। उक्त जीप गाइघाट हिमशीखर फर्निचर उद्योगको रहेको प्रहरीले जनाएको छ।

### प्रहरीद्वारा गोदामबाट ...

खतिवडाले राजविराज ९ मलेठस्थित रहेको गोदामको जग्गा राजनारायण साहको नाममा रहेको बताए। उक्त गोदाम कसैले भाडामा लिई तस्करी धन्दा चलाउने गरेको जानकारी आएपनि यसबारे अनुसन्धनपछी मात्र सत्यतथ्य सार्वजनिक गरिने उनले बताए। श्रोतका अनुसार उक्त गोदाम राजविराजका रोशन भनिने राजेश कुमार यादवले भाडामा लिएका थिए। पक्राउ परेका चौकीदार रोशनका बुढा ससुरा हुन्।

प्रहरीले गोदाम भाडामा लिइएको भनिएका रोशनको खोजि कार्य भइरहेको तथा जगगाधनी साहसँग समेत गोदाम भाडा लगायतका विषयमा सोधपुछ गरि अनुसन्धान अघि बढाइने जनाएको छ।

# 'आयोडिनको मात्रा तत्काल नियन्त्रण गरियोस्'

काठमाडौँ, २३ फागुन (रासस)। प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सांसद निशा डाँगीले नेपालको नुनमा विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डभन्दा बढी आयोडिन देखिएकाले तत्काल नियन्त्रण गर्न माग गर्नुभएको छ।

बैठकको शून्य समयमा उहाँले नेपाल साल्टट्रेडिङ कर्पोरेशनले नेपालभर नुन वितरण गर्ने गरेको र विश्वस्वास्थ्य सङ्गठनले तोकेको मापदण्डभन्दा बढी आयोडिन प्रयोग गरेको पाइएकाप्रति सरकारको ध्यानाकर्षण गराउँदै तत्काल अध्ययन गरी नियन्त्रण गर्न माग गर्नुभयो।

सांसद नैनकला थापाले अन्तरराष्ट्रिय श्रमिक दिवसका अवसरमा सबै महिलालाई शुभकामना व्यक्त गर्दै दक्षिण एसियामा महिला आन्दोलनका कारण धेरै अधिकार पाएको स्मरण गर्दै अझै महिलाका अधिकार कार्यान्वयनमा बढी ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

सांसद प्रतिमा गौतमले 'हेनोफोलिया' एक प्रकारको आनुवांशिक रोग भएको र यो रोग लागेपछि शरीरबाट रगत नरोकिएर गम्भीर समस्या भइरहेको भन्दै त्यससम्बन्धी कानुनी व्यवस्था कार्यान्वयनमा ध्यान दिन आग्रह गर्नुभयो।

सांसद प्रतिक्षा तिवारीले समान कामको समान ज्याला माग गरेर महिला आन्दोलित भएको शुक्रबार एक सय १५ वर्ष पुगिसक्दा पनि महिलाले समान ज्याला पाउन नसकेकाप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले गृहश्रमिक महिलालाई मूलधारमा ल्याउन र आर्थिक रूपमा सबल बनाउन लाग्नुपर्ने बताउनुभयो।

सांसद प्रभु हजाराले ठूला, सम्झौता र साना उद्योगहरू उधारो कारोबारले पीडित भएका र कतिपय उद्योग बन्द भएकाले उच्चस्तरीय आयोगले कानुन बनाउन दिएको सुझावलाई कार्यान्वयनको माग गर्नुभयो। सांसद प्रेमबहादुर महर्जनले ललितपुरस्थित महालक्ष्मी नगरपालिकाको कुपण्डोलमा डम्बरबहादुर खड्काको घरमा आगलागीबाट रु ८० लाख क्षति भएको र आगलागी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन माग गर्नुभयो।

सांसद विमला सुवेदीले अन्तरराष्ट्रिय श्रमिक दिवसको शुभकामना व्यक्त गर्दै संसद्को नियमावलीको २५७ ले व्यवस्था गरेको महिला समितिको गठन गर्न माग गर्नुभयो।

सांसद दिलेन्द्रप्रसाद बडूले दार्चुलामा गत वर्षको बाढीले क्षतिग्रस्त भएको संरचना हालसम्म पुनःनिर्माण हुन नसकेकाकाले तत्काल पुनःनिर्माण गरी गाउँलाई सुरक्षित बनाउन माग गर्नुभयो।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np